नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## प्रजातन्त्र दिवसको शुभकामना सन्देश

आज फागुन ७ का दिन हामी ७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाइरहेका छौं । यसै दिनलाई प्रजातन्त्र प्राप्तीको ऐतिहासिक उत्सवका रुपमा हामी यो दिवस मनाउने गर्दछौं । प्रजातान्त्रिक आन्दोलनले जहाँनिया शासनको अन्त्य गरी जननिर्वाचित सरकारको माध्यमबाट देश संचालन गर्ने प्रकृया सुरु भएको कुरामा हामी सबै जानकार छौं । यो सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण प्रजातन्त्रप्रेमी नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा शुभकामना व्यक्त गर्दछु । प्रजातन्त्र स्थापना पश्चात देशमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीका लागि विभिन्न समयमा भएका ऐतिहासिक आन्दोलनहरुमा संघर्ष, त्याग तथा बलिदान गर्ने महान शहीदहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आजको ऐतिहासिक सन्दर्भलाई विगतप्रति गौरबबोध गर्दै समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा प्रतिबद्ध रहन प्रण गर्ने दिनका रुपमा सम्झन सबैसंग विनम्र अनुरोध गर्दछु । देशमा लोकतन्त्रको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास तथा समृद्धि हासिल गर्नका लागि हामी सबैलाई यो दिवसले प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित पुनः एक पटक शुभकामना व्यक्त गर्दछु ।

**२०७९ फागुन ०७ गते आइतबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**